त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

मितिः २०७९।१०।०१

# बि.ई./बि.आर्क. तहमा रिक्त स्थानमा भर्नाका लागि पुनः आवेदन (दोस्रो चरण) सम्बन्धि सूचना ।

शैक्षिक वर्ष २०७९/०८० मा यस क्याम्पसको B.E./B.Arch. तहका केही कार्यक्रमहरुमा निम्न बमोजिम स्थान रिक्त रहन गएकोले ती स्थानहरुमा भर्ना हुन चाहने आवेदकहरुले प्राथमिकता सहितको पुनः आवेदन फाराम भर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- पुनः आवेदन २०७९ माघ ०३ गते बिहान १०:०० बजे देखि २०७९ माघ ०४ गते अपरान्ह ३:०० बजे सम्म यस क्याम्पसको भर्नाको Web site: admission.pcampus.edu.np मा उपलब्ध Online आवेदन फाराम भरी गर्न सकिनेछ ।
- फाराम भर्दा प्रति विषय रु.५००।- का दरले शुल्क लाग्नेछ । कुनै पनि विषयको नियमित (Regular) र पूर्णशुल्किय (Full Fee) दुवै कार्यक्रममा भर्ना हुन आवेदन दिएमा सो लाई दुई विषय मानिनेछ ।
- आवेदकले आफूले राख्ने प्राथमिकता अनुसारको शुल्क पहिले नै बैंकमा दाखिला गर्नु पर्नेछ । उल्लेखित शुल्क सिद्धार्थ बैंक लिमिटेड पाटनढोका शाखामा रहेको यस क्याम्पसको खाता नं. ००९१५०१९२०३ मा जम्मा गरी प्राप्त भएको भाउचर लिनु पर्नेछ ।
- बैंक भाउचर भर्दा २०७९/०८/२८ मा प्रकाशित सुचनामा संलग्न नमूना अनुसार Deposited by मा आवेदकको पुरा नाम र साल बाहेकको IOE Entrance Exam को Roll No. प्रष्ट सँग लेख्नु पर्नेछ । जस्तैः कुनै आवेदकको IOE Entrance Exam को Roll No. 2079-16026 भएमा बैंक भाउचरमा Roll No. लेख्दा 16026 मात्र लेख्नु पर्नेछ ।
- आर्किटेक्चर कार्यक्रममा आवेदन दिन चाहने आवेदकहरुका लागि उपरोक्त शुल्कमा झुकाव परीक्षा (Aptitude Test) वापत थप रु. ५००।- लाग्नेछ ।
- **इन्जिनियरिङ्ग अध्ययन संस्थानद्वारा लिइएको प्रवेश परीक्षा २०७९ मा सम्मिलित भई उत्तीर्ण भएकाहरु मध्येबाट निम्न बमोजिम आवेदकहरुले पुनः आवेदन दिन सक्नेछन्** :

  क) यस क्याम्पसमा फाराम भर्न छुट भएकाहरु ।

  ख) यस क्याम्पसमा भर्ना हुन यस अघि Online फाराम भरि नाम प्रकाशित नभएकाहरु ।

  ग) कुनै पनि सूचिमा नाम प्रकाशित भइ भर्ना हुन छुट भएकाहरु ।

  घ) कुनै पनि कार्यक्रममा भर्ना भइसकेका र प्राथमिकता परिवर्तन गर्न चाहनेहरु ।

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

- **हाल रिक्त सिट संख्या**

| सि.नं. | कार्यक्रम | खुल्ला | महिला | रिक्त सिट संख्या |
|---|---|---|---|---|
| १. | Civil Engineering Full Fee (2) | ४ | - | ४ |
| २. | Architecture Regular (3) | १ | - | १ |
| ३. | Architecture Full Fee (4) | १ | - | १ |
| ४. | Electrical Engineering Regular (5) | १ | - | १ |
| ५. | Electrical Engineering Full Fee (6) | ६ | - | ६ |
| ६. | Electronics... Engineering Full Fee (8) | १ | - | १ |
| ७. | Mechanical Engineering Full Fee (10) | २ | १ | ३ |
| ८. | Aerospace Engineering Full Fee (28) | ६ | - | ६ |
| ९. | Chemical Engineering Regular (29) | १ | - | १ |
| १०. | Chemical Engineering Full Fee (30) | ६ | - | ६ |
| | जम्मा | २९ | १ | ३० |

हाल सम्म उपरोक्त बमोजिम रिक्त स्थान भएतापनि सूची प्रकाशन पूर्व भर्ना रद्द भई थप स्थान रिक्त रहन गएमा सो रिक्त स्थान समेत संलग्न गरि सूची प्रकाशन गरिनेछ।

- भर्ना भइसकेका आवेदकहरुले समेत अर्को कार्यक्रमका लागि आवेदन दिन सक्ने भएकोले कुनै कार्यक्रममा भर्ना भइसकेका आवेदकको नाम नयाँ रिक्त स्थानमा प्रकाशित भएमा निज भर्ना भएको कार्यक्रममा स्थान रिक्त हुन सक्नेछ। **तसर्थ आफूलाई इच्छा लागेका सबै कार्यक्रमहरुमा प्राथमिकता राख्न सूचित गरिन्छ।**
- उपरोक्त आवेदकहरुले दिएको आवेदनको आधारमा प्रवेश परीक्षाको योग्यताक्रमानुसार चौथो सूची प्रकाशन गरी भर्ना गरिनेछ र त्यसपछि समेत स्थान रिक्त रहन गएमा पाँचौं, छैटौ सूची प्रकाशन गरिनेछ।

भर्ना कार्यक्रम निम्न अनुसार कायम गरिएको छ।

| **भर्ना कार्यक्रम** | **मिति र समय** |
|---|---|
| १) भर्नाका लागि पुनः आवेदन फाराम भर्ने | २०७९ माघ ०३ गते बिहान १०:०० बजे देखि माघ ०४ गते अपरान्ह ३:०० बजे सम्म। |
| २) आर्किटेक्चरको झुकाव परीक्षा (Aptitude Test) | २०७९ माघ ५ गते बिहान ११:०० बजे। |
| ३) आर्किटेक्चरको झुकाव परीक्षा (Aptitude Test) को नतिजा प्रकाशन | २०७९ माघ ५ गते अपरान्ह ५:०० बजे। |
| ४) चौथो सूची प्रकाशन | २०७९ माघ ६ गते बिहान १०:०० बजे। |
| ५) चौथो सूची उपर दावि विरोध | २०७९ माघ ६ गते बिहान ११:०० बजे देखि अपरान्ह २:०० बजेसम्म। |
| ६) संशोधित चौथो सूची प्रकाशन | २०७९ माघ ६ गते अपरान्ह ५:०० बजे। |
| ७) चौथो सूचीको भर्ना | २०७९ माघ ९ गते बिहान ११:०० बजे देखि अपरान्ह ३:०० बजेसम्म। |
| ८) पाँचौ सूची प्रकाशन | २०७९ माघ १० गते बिहान १०:०० बजे। |

5-521260
5-521611
5-522104
5-522809
पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

| | |
|---|---|
| ९) पाँचौ सूची उपर दावि विरोध | २०७९ माघ १० गते बिहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| १०) संशोधित पाँचौ सूची प्रकाशन | २०७९ माघ १० गते अपरान्ह ५:०० बजे । |
| ११) पाँचौ सूचीको भर्ना | २०७९ माघ ११ गते बिहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म । |
| १२) छैठौं सूची प्रकाशन | २०७९ माघ १३ गते बिहान १०:०० बजे । |
| १३) छैठौं सूची उपर दावि विरोध | २०७९ माघ १३ गते बिहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| १४) संशोधित छैठौं सूची प्रकाशन | २०७९ माघ १३ गते अपरान्ह ५:०० बजे । |
| १५) छैठौं सूचीको भर्ना | २०७९ माघ १५ गते बिहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म । |
| १६) यस पछिका रिक्त सिटहरुको लागि सूचना प्रकाशन | २०७९ माघ १६ गते । |

**द्रष्टब्य :**

- आर्किटेक्चर कार्यक्रमका लागि यस अघि लिइएको झुकाव परीक्षामा (Aptitude Test) मा उत्तीर्ण भएका आवेदकहरु झुकाव परीक्षा (Aptitude Test) मा पुन: सम्मिलित हुनु पर्ने छैन ।
- उपरोक्त कार्यक्रमहरुका दिन सार्वजनिक विदा वा आकष्मिक विदा परेमा समेत भर्ना समितिको कार्यालय खुला रहने तथा सम्पूर्ण भर्ना कार्यक्रमहरु यथावत रहने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

अध्यक्ष

भर्ना समिति २०७९